## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँगसम्बन्धित)

# स्थानीय राजपत्र

*वर्ष : ५, अंक १, संख्या १, दि.सि.न.पा. डोटी, स्थानीय राजपत्र भाग २ मिति : २०७८।०३।१५ मंगलवार*

## दिपायल सिलगढी नगरपालिका

*सभा वैठकवाट पारित मिति : २०७८।०३।०७*

## विषयगत समिति : सुशासन तथा संस्थागत विकास समिति

### १. पृष्ठभूमि :

कार्यपालिकाले आफ्नो काम, कारबाही ब्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्ने (स्थानीय सरकार सञ्चालन ऐन दफा १४) ब्यवस्था रहेको छ । यसका अतिरिक्त, कार्यपालिकाले आफूलाई प्राप्त अधिकार मध्ये आफू अन्तर्गतका समिति, उपसमितिलाई अधिकार प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेको छ (दफा १८) । कार्यपालिका, आफ्नो कामलाई ब्यवस्थित गर्न कार्यविभाजन तथा कार्यसम्पादन नियमावली बनाई सोही अनुसार कार्य संचालन गर्नुपर्ने (स्थाससं ऐन दफा १६) व्यवस्था छ । गाउँपालिका/नगरपालिकाको वार्षिक योजना तर्जुमा प्रकृयालाई सहभागितामूलक, समावेशी बनाई, संबिधान र स्थानीय सरकार सञ्चालन ऐनको भावना अनुरुप ब्यवस्थित योजना तर्जुमा प्रकृया अवलम्बन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) तयार गरेको छ । यस दिग्दर्शनले विषयगत क्षेत्र छुट्याउने तथा कार्यपालिका सदस्यलाई विषयगत क्षेत्रको जिम्मेवारी तोक्ने समेत

उल्लेख गरेको छ । ऐनले विषयगत समितिले आफ्नो विषयगत क्षेत्र सम्बन्धी योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा सम्बन्धित विषयगत शाखाहरुलाई सहजीकरण तथा समन्वय गरी स्थानीय सरकारबाट प्रवाह हुने सेवालाई पारदर्शी, जवाफदेही तथा प्रभावकारी बनाउने उद्देश्य लिएको पाइन्छ ।

नगरपालिकाबाट सम्पादन गरिने कार्यलाई स्पष्ट, सहज र परिणाममुखी बनाउन कार्य विभाजन र कार्य सम्पादन नियमावली जारी भैसकेको छ । उक्त नियमावलीहरु, योजना तर्जुमा प्रक्रिया सम्बन्धी दिग्दर्शन, स्थानीय सरकार संचालन ऐन २०७४ को भावना समेतलाई मध्यनगर गर्दै विषयगत समितिलाई जिम्मेवारी प्रदान गरी योजना तर्जुमा कार्यमा समितिको भूमिकालाई थप प्रभावकारी बनाई नतिजामुखी बनाउन बाञ्छनीय भएकाले  दिपायल सिलगढी नगरपालिकाले सुशासन तथा सँस्थागत विकास समितिको कार्यविवरण तयार गरेको छ ।

## २. समितिले समेट्ने विषयगत उपक्षेत्रहरु (गाउँ/नगरपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन नियमावली, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) को आधारमा):

यस समिति अन्तर्गत मानव संसाधन विकास, संस्थागत विकास, राजश्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्भेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र पर्दछन् ।

## ३. समितिको समग्र विषयगत क्षेत्र अन्तर्गतका भूमिकाहरु :

समितिले आवधिक एवं वार्षिक योजना तर्जुमा प्रक्रिया, कार्यपालिकाको बैठक तथा कार्यपालिकाले तोकेका क्षेत्रमा देहाय वमोजिमका कार्य गर्नुपर्नेछ :

### अ. वार्षिक तथा आवधिक योजना तर्जुमा प्रकृयाः

१. सहभागितामूलक (सवै वर्ग समुदाय तथा क्रियाशील सामुदायिक संस्थाहरुको सहभागितामा) योजना तर्जुमा प्रकृयालाई प्रबर्द्धन गर्ने ।

२. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति (दफा ६६) लाई विषयक्षेत्रगत बजेटको सीमा (सिलिङ्ग) निर्धारण गर्ने कार्यमा सहयोग गर्ने ।

३. विषयगत क्षेत्र अन्तर्गत संघीय तथा प्रदेश सरकारको नीति, योजनासँग तादात्म्यता कायम गरी स्थानीय तहको आवधिक योजना, विषयक्षेत्रगत नीतिको विश्लेषण, वडाका माग तथा गाउँ/नगरपालिका तहबाट गर्नुपर्ने कार्यलाई समेटेर समग्र लक्ष्य निर्धारण गर्ने,

४. नगरपालिकाबाट विषयगत क्षेत्रसँग सम्बन्धित वार्षिक सिलिङ्ग प्राप्त गर्ने, वडाहरुलाई उक्त सिलिङ्ग अन्तर्गत प्राथमिकता दिनुपर्ने आयोजना तथा कार्यक्रम पहिचानका लागि सहजीकरण गर्ने,

५. योजना तर्जुमाको तेस्रो चरणमा टोल/वस्ती तहका भित्रका सवै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्य) आदिको प्रतिनिधित्व भएको सहभागितामूलक टोल/वस्ती स्तरको योजना तर्जुमा बैठकबाट समितिको कार्यक्षेत्र अर्न्तगतका आयोजना तथा कार्यक्रम सूचीकृत भै आउने व्यवस्था मिलाउने,

६. टोल/वस्ती स्तरको योजना तर्जुमा बैठकबाट आएका योजना तथा कार्यक्रमहरुलाई वडा समितिमा छलफल गरी प्राथमिकता अनुसार सूचीकृत गरी पठाउन वडा समितिलाई सहयोग गर्ने,

७. वडा समितिहरुबाट सूचीकृत भै आएका आयोजना तथा कार्यक्रमहरुलाई समितिमा सूचीकृत गर्ने,

८. वडा समितिहरुबाट प्राप्त आयोजना तथा क्रियाकलापहरुमा दोहोरोपना हुन नदिने तथा विषयगत समितिका योजना, कार्यक्रम वीच आपसी तादात्म्यता तथा परिपुरकता कायम गर्ने,

९. प्रस्तावित योजना तथा कार्यक्रमहरु गाउँ/नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य एवं उद्देश्य अनुरुप बनाउने,

१०. स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पठाएको बजेट सिलिङ र मार्गदर्शनको आधारमा समितिको कार्यक्षेत्र भित्रको वार्षिक नीति, कार्यक्रम र वजेट तर्जुमा गर्ने,

११. स्थानीय सरकार सञ्चालन ऐनले गाउँ/नगरपालिकाको अधिकार (स्थाससऐ. दफा ११) अन्तर्गत तोकेको कार्यक्षेत्रभित्र समितिको उपक्षेत्रमा नीति, कार्यक्रम तथा क्रियाकलापको प्रस्ताव तयार गरी समितिमा छलफल गरेर अन्तिम प्रस्ताव बजेट तथा कार्यक्रम तर्जुमा समिति (स्थाससंऐ दफा ६७) मा पेश गर्ने,

१२. विषयगत क्षेत्रसँग सम्बन्धित गैरसरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाको वार्षिक कार्यक्रम नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्न आवश्यक समन्वय गर्ने (स्था.स.स.ऐन दफा २५),

१३. प्रस्तावित योजना तथा कार्यक्रमबारे नगर सभामा उठेका प्रश्नको जवाफ दिने साथै सभाबाट प्रस्तावित योजना तथा कार्यक्रममा संशोधन वा परिमार्जन भए सो को अभिलेख समेत समितिमा राख्ने,

१४. नगर सभाबाट वार्षिक योजना तथा बजेट पारित भए पश्चात सो को कार्यान्वयनको लागि विषयगत शाखाहरु, सम्बन्धित समितिहरु तथा नगरपालिकालाई सहयोग गर्ने,

१५. नगरपालिकाको नियमित तथा समीक्षा बैठक (वार्षिक, अर्धवार्षिक, त्रैमासिक वा अन्य) मा समितिको प्रगति प्रस्तुत गर्ने र यसरी गरिने समीक्षामा खण्डीकृत तथ्यांकमा आधारित भई छलफल गर्ने व्यवस्था मिलाउने,

१६. आवधिक योजना र मध्यकालीन खर्च संरचना तर्जुमाको लागि कार्यपालिकालाई सहयोग गर्ने,

१७. नेपाल सरकार तथा प्रदेश सरकारबाट समपुरक तथा विशेष अनुदानका लागि माग भए वमोजिम समितिको कार्य क्षेत्रभित्रका आयोजना प्रस्ताव तयार गर्न कार्यपालिकालाई सहयोग गर्ने,

१८. विषयगत क्षेत्र अन्तर्गत नवप्रवर्तनीय (Innovative) कार्य गर्न, गराउन आवश्यक भूमिका निर्वाह गर्ने, साथै असल अभ्यासहरु आदान प्रदान तथा प्रवर्द्धन गर्न कार्यपालिकालाई सहयोग गर्ने,

१९. कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## आ. विषयगत क्षेत्र अन्तर्गत कानून तर्जुमा, योजना कार्यान्वयन तथा अन्य कार्यहरुः

१. विषयगत क्षेत्र सम्बन्धी तथा समग्र तथ्यांक संकलन, विश्लेषण, प्रमाणीकरण, एकीकरण र वार्षिक रुपमा अद्यावधिक एवं उचित भण्डार गर्न आवश्यक कार्य गर्ने तथा तथ्यांकलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुसार खण्डिकृत रुपमा संकलन तथा ब्यवस्थित गर्ने कार्यको सुनिश्चित गर्ने,

२. विषयगत क्षेत्र सम्बन्धी नीति तथा कानूनको बिधेयक तर्जुमा, संशोधन, परिमार्जन लगायतको क्षेत्रमा कार्यपालिकाले गठन गरेको कानुन तर्जुमा समितिलाई सहयोग गर्ने (गाउँ/नगरपालिकाको कानून तर्जुमा सम्बन्धी प्रदेश कानूनमा भएको ब्यवस्था)

३. विषयगत क्षेत्रभित्रको नीति तथा कानूनको परिपालना र कार्यक्रम तथा वजेट कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने,

४. विषयगत क्षेत्रसँग सम्बन्धित स्थानीय बजार व्यवस्थापन, अन्तरस्थानीय तह भगिनी सम्बन्ध, असल अभ्यास र अनुभवको आदान प्रदान, प्रविधि विकास जस्ता विषयमा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहका लागि अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्ने सम्बन्धी आयोजना/कार्यक्रम पहिचान गरी कार्यपालिकालाई जानकारी गराउने (स्था.स.स.ऐन दफा २६),

५. कार्यपालिकामा निर्णयको लागि पेश भएका विषयगत क्षेत्रसँग सम्बन्धित प्रस्तावमा माग भए अनुसार राय, सल्लाह र सुझाव प्रदान गर्ने,

६. समितिले आवश्यकता र औचित्यको आधारमा आफ्नो कुनै विषयमा स्थलगत अध्ययन एवं अवलोकन गरी सम्वन्धित पक्षलाई आवश्यक सल्लाह, सुझाव दिने,

७. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (Local Government Institutional Self Assessment - LISA) मा उत्कृष्ठ नतिजा हासिलका लागि विषयगत क्षेत्रसँग सम्बन्धित सूचकहरु पूरा गर्न आवश्यक नीति निर्माण तथा कार्यान्वयन सम्बन्धमा विषयगत महाशाखा/शाखा/इकाई तथा निकायहरुलाई सहयोग गर्ने,

८. विषयगत क्षेत्र अन्तर्गतको क्षमता विकास आवश्यकता पहिचान गरी कार्यपालिकालाई जानकारी गराउने,

९. विषयगत क्षेत्रसँग सम्बन्धित संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा सहयोग तथा सहजीकरण गर्ने,

१०. विषयगत समितिको बैठक त्रैमासिक रुपमा बस्नेछ र योजना तर्जुमा प्रक्रिया अवधिमा आवश्यकता अनुसार बस्न सक्नेछ। बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि स्थानीय कानून वमोजिम हुनेछ।

सुशासन तथा संस्थागत विकास समिति अन्तर्गत गाउँ/नगरपालिकाको कार्य बिभाजन नियमावली २०......... तथा स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) अनुसार देहाय वमोजिमको विषयगत उपक्षेत्र रहेका छन्।

(क) स्थानीय सेवा तथा जनशक्ति विकास सम्बन्धी

(ख) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी

(ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय सम्बन्धी

(घ) बैठक व्यवस्थापन सम्बन्धी

(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धी

(च) आन्तरिक लेखापरीक्षण सम्बन्धी

(छ) विदा, उत्सव, उर्दी, जात्रा, पर्व, उपाधी, विभुषण सम्बन्धी

(ज) राजश्व नीति तथा प्रशासन सम्बन्धी

(झ) आर्थिक प्रशासन तथा बेरुजू फछ्र्यौट सम्बन्धी

(ञ) न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी

(ट) योजना, अनुगमन तथा मूल्यांकन र तथ्यांक व्यवस्थापन सम्बन्धी

(ठ) सुशासन प्रबर्द्धन,

## ४. महत्वपूर्ण समयतालिका :

योजना तर्जुमा तथा कार्यान्वयनलाई ब्यवस्थित गरी समयमै कार्यसम्पन्न गर्न देहाय अनुसारको तालिका महत्वपूर्ण रहको छ :

- आगामी आर्थिक वर्षको बजेट सीमा विषयगत शाखा, वडा समितिले प्राप्त गर्ने (बैशाख १५ सम्म, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७५, बुदा नं. ५.२.२.३)

- विषय क्षेत्रगत आधारमा वडाबाट प्राथमिकता सहित आयोजना तथा कार्यक्रम प्राप्त गर्ने (जेष्ठ १० सम्म), विषयगत शाखाहरुले प्राथमिकता निर्धारण गर्ने (जेष्ठ १५ गतेसम्म) र विषयगत समितिमा छलफल तथा पुनःप्राथमिकता निर्धारण (जेष्ठ २५ गतेसम्म)[ज]
- बजेट तथा कार्यक्रम तर्जुमा समितिमा कार्यक्रम तर्जुमा (असार ५ गतेभित्र, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४)
- वार्षिक कार्यक्रम तथा बजेटलाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश गर्ने (असार १० भित्र, अन्तर सरकारी वित्त ब्यबस्थापन ऐन २०७४ को दफा २१ (३) र स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४)
- बजेट बक्तव्य, आर्थिक विधेयक, विनियोजन विधेयक तथा बजेट अनुमान पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने (असार मसान्तभित्र) ।
- नगर सभाबाट पारित बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई ७ दिनभित्र अख्तियारी दिने तथा प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त भएको १५ दिनभित्र सम्बन्धित शाखा/इकाई र वडा सचिवलाई अख्तियारी दिनुपर्ने व्यवस्था छ । साथै सम्बन्धित शाखा/इकाई र वडा सचिवले बजेट स्वीकृत भएको १५ दिनभित्र कार्यान्वयन कार्ययोजना तर्जुमा गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । (स्था.स.स.स ऐन दफा ७३ र हातेपुस्तिका पृष्ठ ४६)
- प्रमुख प्रशासकीय अधिकृतले शाखा/इकाई र वडा सचिवबाट प्राप्त कार्ययोजनामा प्राविधिक क्षमता, योजनाको संवेदनशीलता, कार्यान्वयन प्राथमिकीकरण, नगद प्रवाहको अवस्था समेतको आधारमा कुनै संशोधन गर्नुपर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सुझाव दिनसक्ने र यसरी प्राप्त भएको सुझाव समेतको आधारमा सम्बन्धित शाखा/इकाई र वडा सचिवले कार्यान्वयन कार्ययोजनामा संशोधन गरी ५ दिनभित्र पुनः पेश गर्नुपर्नेछ । यसरी प्राप्त कार्यान्वयन कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकीकृत गरी बजेट स्वीकृत भएको २१ दिनभित्र कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ । (स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित) बुँदा नं. ६ र हातेपुस्तिका पृष्ठ ४६) ।
- सभाले स्वीकृत गरेको वर्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नुपर्ने (श्रावण १५ सम्म) साथै यसलाई नगरपालिकाको वेवसाईटमा समेत प्रकाशन गर्नुपर्नेछ ।
- वार्षिक खरिद योजना र गुरुयोजना स्वीकृत गर्ने आर्थिक वर्ष सुरु भएको १ महिनाभित्र ।
- संघीय तथा प्रदेश सरकारबाट विशेष अनुदान तथा समपुरक अनुदानका लागि आह्वान हुने आयोजना प्रस्ताव ( आफ्नो विषयगत क्षेत्रसँग सम्बन्धित) तयार गर्न कार्यपालिकालाई सहयोग गर्ने, (सामान्यतया आगामी आ.व.का लागि चालु आ.व.को पौष मसान्तसम्म पठाई सक्नुपर्ने हुनाले सो मिति अगावै) ।

मन्जु मलासी
नगर प्रमुख